दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १२ | बुटवल | २०८१ पौष २२, गते सोमबार | नेपाल संवत ११४५ | Monday Jan 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# रेसुंगा चिनाउन तम्घासमा रंगीन मुराल



गुल्मी जिल्लाको धार्मिक तथा पर्यटकीय क्षेत्र रेसुङ्गाको प्रचारप्रसार गर्ने उद्देश्यले तम्घास बजार क्षेत्रमा रंगीन भित्तेचित्र (मुराल) कोरिएको छ। जिल्ला प्रशासन कार्यालय परिसरमा रेसुङ्गाको महिमा र महत्व झल्किने कलात्मक चित्र कोरिएको हो। नगरपालिकाले गतवर्षदेखि रेसुङ्गामा एक लाख बढी पर्यटक पुऱ्याउने उद्देश्यले 'जाउँ हिँड रेसुङ्गा' अभियान चलाएको छ। अभियानअन्तर्गत नगरले पर्यटन प्रवर्द्धनका कार्यहरु अगाडि बढाएको छ। सोहीअन्तर्गत अहिले तम्घास बजारमा रेसुङ्गा क्षेत्रका मन्दिरहरुसँगै तपस्या गरेका ऋषि महर्षिहरुको वालपेन्टिङ गरिएको नगर प्रमुख खिलध्वज पन्थीले जानकारी दिए।

## दुई करोड लगानीमा तम्घासमा पानी उद्योग

**प्रेम सुनार**
*गुल्मी*

दुई करोड लगानीमा तमघासमा पानी उद्योग खुलेको छ। यहाँका तीन युवाले रेसुङ्गा जल उद्योग प्रालि खोलेका हुन्।

बजारमा मिनरल वाटरको माग बढेको र स्थानीय उत्पादन नभएकोले पानी प्रशोधन उद्योग खोलेको रेसुङ्गा जल उद्योगका सञ्चालक विश्वास पुनले जानकारी दिए।

ऐतिहासिक, धार्मिक क्षेत्र रेसुङ्गाको काखको रैथाने पानीको मूलको प्रशोधित पानीले बजार लिएपछि उद्योगी उत्साहित भएका छन् । 'बजारमा राम्रो माग छ, गुणस्तरमा ध्यान दिएर बाहिर पनि पठाउन खोजीरहेका छौं।'–पुनले भने।

रेसुङ्गा अक्वा नामक शिलप्याक पानीको बोत्तल अहिले एक लिटर र आधा लिटर बजारमा उपलब्ध छ । प्रति लिटर २० रुपैयाँ खुद्रा मूल्य रहेको छ ।

चिनियाँ अत्याधुनिक नयाँ स्वचालित प्रविधिबाट उत्पादन हुने पानीको मुहान रेसुङ्गा नगरपालिका–३ को रेसुङ्गा वनको पुछार सेतीखोला किनारको कलकल बग्ने झरनामा अवस्थित छ । पानीको मूलबाट करिव १७ सय मिटर तल लाम्खेत फाँटमा उद्योग रहेको छ ।

पाइपमार्फत् पहिलो चरणमा ५ हजार लिटर क्षमताको ट्याङ्कीमा पानी संकलन हुन्छ । त्यसपछि तीन चरणको फिल्टरिङ्ग प्रक्रिया सुरु हुन्छ । त्यहाँबाट आरओ प्रविधिमा पुगेको पानी भित्री एसएस ट्याङ्कीमा जम्मा हुन्छ र त्यहाँबाट युभि प्रविधिहुँदै पानी बोत्तलमा प्याकिङ हुन्छ ।

प्रतिघण्टा कुल २ हजार लिटर उत्पादन क्षमताको उद्योगले अहिले ८ सयदेखि एक हजार लिटर उत्पादन गरेको उद्योगका प्रबन्ध निर्देशक तथा फोकल पर्शन इञ्जिनियर राम पन्थीले जानकारी दिए ।




उद्योगका लगानीकर्ता रेसुङ्गा नगरपालिका वडा नम्बर ३ का इञ्जिनियर सन्तोष कुँवर, वडा नम्बर २ छापटोलाका विश्वास पुन र वडा नम्बर ६ चेक्मिका इञ्जिनियर राम पन्थी हुन् । उनीहरु तम्घासको रिडर्श पब्लिक हाईस्कुलका एउटै ब्याची हुन् । उद्योगका अध्यक्ष सन्तोष कुँवरले रेसुङ्गाको काखमा अवस्थित रैथाने मूलको पानी उद्योग सञ्चालन गर्नका लागि चार वर्ष अध्ययन गरेको बताए ।

रेसुङ्गा नगरपालिका– ३ का वडाध्यक्ष बाबुराम खत्रीले यस उद्योग सञ्चालनले आफूहरु उत्साहित भएको जनाए । 'युवाहरु विदेशिने क्रमले निरास भइरहेको बेला यहाँका युवाहरुले स्वदेशकै साधान श्रोतबाट पानी उद्योग खोलेकोले सबै प्रकारको सहयोग गर्न तयार छौं ।'–उनले भने।

स्थानीय ७४ वर्षीय नन्दराम भण्डारीले चिसो र मिठो पानीको रुपमा रुचाउँदै आएको मूलको पानीबाट उद्योग खुलेकोमा खुशी लागेको बताए ।

रेसुङ्गा धार्मिक क्षेत्रमा पिउने पानीको भगवान श्रीरामसँग जोडिएको इतिहास छ । राजा दशरथलाई सन्तान लाभ नभएपछि अयोध्यामा रेसुङ्गाका तपस्वी ऋषिश्रृंगेलाई बोलाएर महायज्ञ लगाएपछि उनलाई श्रीरामलगायतका सन्तान लाभ भएको र त्यही प्रभावबाट श्रीराम, लक्ष्मण, भरतलगायत रेसुङ्गामा ऋषिश्रृंगेलाई भेट्न आएको, त्यसबेला ऋषिश्रृंगेले पानीको अभाव भएको बताएपछि रामले बाँण हानेर पानीको कुवा अर्थात् मूल फुटेकोले यहाँको पानीलाई अमृत जल पनि भन्ने गरिएको किम्बदन्ती पाइन्छ।

यसर्थ पनि यहाँको पानीको धार्मिक महिमा छ। यस धार्मिक क्षेत्रको चारैतिरको पानीको मूललाई स्थानीयले उपभोग गर्दै आइरहेका छन्। यहि धार्मिक क्षेत्रको अर्को पानीको मूलमा रेसुङ्गा नगरपालिकाले मझेङ्ग बृहत खानेपानी योजनाको काम सुरु गरेको छ। यसैको कोखमा अर्को मूलबाट प्रशोधित पानी उद्योग सञ्चालनमा आएपछि रेसुङ्गा नगरपालिकाले उद्योगीहरुलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको सञ्चालकहरुले बताएका छन् ।

## तथ्यका आधारमा खण्डन गरौं : ओली



बुटवल। नेकपा एमालेको केन्द्रीय समिति बैठकमा अध्यक्ष केपी शर्मा ओलीले पेस गरेको राजनीतिक प्रतिवेदनमाथि केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सुरु भएको छ। पहिलो दिनको बैठकमा आइतबार अध्यक्षको प्रतिवेदनमाथि २७ केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राखेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए। केन्द्रीय सदस्यहरूले बोल्ने क्रम आजसम्म चल्ने छ भने बोल्नका लागि सबैलाई ३ मिनेट समय उपलब्ध गराइने उनको भनाइ छ।

तुल्सीलाल स्मृति प्रतिष्ठान, च्यासलमा बसेको बैठकमा यसअघि ओलीको राजनीतिक प्रस्तावबाहेक महासचिव शंकर पोखरेलले संगठनात्मक कामको सङ्क्षिप्त जानकारी गराएका थिए। बैठकमा ओलीले देश विशेष परिस्थितिबाट गुज्रिरहेको र देशभक्त तथा प्रगतिशील शक्ति मजबुत बन्दै गएकाले प्रतिक्रियावादीहरू आतङ्कित भएर अस्वस्थ र झुटो प्रचारको हमलामा उत्रिइरहेको दाबी गरे।

» *बाँकी ३ पेजमा*




## टिआरसीमा एमालेले दाउपेच गऱ्यो : प्रचण्ड

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीको सत्ताको नेतृत्व गरिरहेको दल नेकपा एमालेले संक्रमणकालीन न्यायको विषयलाई राजनीतिक दाउपेचको विषय बनाएको आरोप लगाएका छन् ।

माओवादी केन्द्रको आइतबारबाट काठमाडौंमा सुरु केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै प्रचण्डले संक्रमणकालीन न्यायको कामलाई एमालेले राजनीतिक दाउपेचको विषय बनाउँदा आयोग गठनमा ढिलाइ भइरहेको बताएका हुन् ।

'एमाले सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्कै कुरा गर्दै आएको छ,' प्रचण्डले भने- 'हामीसँग सहकार्यमा हुँदा अलि नरम र सहकार्य टुटेपछि धेरै गरम हुँदा टीआरसी अगाडि बढाउन पूरै ढिलासुस्ती भएको छ ।'

नेकपा एमालेले भने संक्रमणकालीन न्यायसम्बन्धी कामलाई गठबन्धन सरकारको ६ महिनाको प्रमुख आठ कामको सूचीमा समेटेको छ ।



'लामो समयदेखि उपेक्षामा परेको र राजनीतिक दाउपेचको विषय बनेको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकलाई संसदबाट सर्वसम्मत रूपमा पारित गरिएको छ । यसले ऐनको रूप लिइसकेको छ,' राजधानीमै आइतबारबाट सुरु भएको एमाले केन्द्रीय समितिको बैठकमा प्रस्तुत प्रतिवेदनमा एमाले अध्यक्ष केपी शर्मा ओलीले भनेका छन् ।

'पीडितलाई न्याय र पीडकलाई सजाय दिँदै शान्ति प्रक्रियाको यो अन्तिम कामलाई टुंगोमा पुऱ्याउन यो महत्वपूर्ण उपलब्धी हो ।

आयोग गठनमा केही ढिलाइ भएको छ । यसले केही अन्यौल पनि सिर्जना गरेको छ,' ओलीको प्रतिवेदनमा भनिएको छ-'ऐनको भावनाअनुरूप छिट्टै दुई आयोग गठन होऊन् र लामो समयदेखि न्याय र परिपूरणको पर्खाइमा रहेका पीडितहरूको घाउमा मल्हम लगाउँदै समाजमा दिगो मेलमिलाप, दण्डहीनताको अन्त्य र दिगो शान्तिको आधार तयार गरियोस् भन्ने चाहना एमालेको रहेको छ ।

## सम्पादकीय

# अराजकताको आगो

नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठकमा अध्यक्ष पुष्पकमल दाहालले जातीय क्षेत्रीय मोर्चा सक्रिय बनाउने प्रस्ताव गरेका छन् । पहिचानका मुद्दा ओझेलमा पर्न गएकोमा आत्मालोचनासहित उत्पीडित वर्गमा जानुपर्छ भन्ने दाहालको प्रस्ताव छ । पटक–पटक सरकारको नेतृत्व गरेका दाहालले केन्द्रीय कमिटीको बैठकमा जातीय क्षेत्रीय मोर्चालाई सक्रिय बनाएर लैजाने प्रस्ताव अस्थिरता बढाउने र अराजकताको आगो बाल्ने प्रपञ्च हो ।

नेपाल बहुभाषिक, बहुजाति र बहु सांस्कृतिक मुलुक हो । नेपालको उन्नति र विकास राष्ट्रिय एकताबाट नै सम्भव छ । जातीय र क्षेत्रीय मुद्दाको सही व्यवस्थापन नहुँदा मुलुकमा अराजकता बढेको छ । अस्थिरतालाई बढाएको छ । जातीय पहिचानको विषय माओवादीले पहिले जुन ढंगले उठायो, ती मुद्दाको सही व्यवस्थापन गर्न ध्यान दिन सकेन्, त्यो सम्भव पनि थिएन्, किनभने ती मुद्दा माओवादीले शक्ति आर्जनका लागि गरेको थियो । जब शक्ति आर्जन भयो, माओवादीले ती मुद्दा छाड्यो, अहिले माओवादीले उठाएका मुद्दा अरु कसैले बोकेको छ । अहिले माओवादी सत्ता बाहिर पुगेपछि पुनः जातीय र क्षेत्रीय मुद्दालाई बोक्ने निर्णय गर्नु शक्ति आर्जन गर्नका लागि हो । शक्ति आर्जन गर्नका लागि जातीय मुद्दालाई उठाउनु अवसरवादी राजनैतिक चरित्र हो ।

माओवादी केन्द्र २०६२/०६३ को जनआन्दोलनपछि अधिकांश समय सरकारमा पुगेको छ । माओवादी केन्द्रका अध्यक्ष दाहाल कहिले एमालेको कहिले कांग्रेसको आडमा तीनपल्ट प्रधानमन्त्री भइसकेका छन् । सरकारमा हुञ्जेल जातीय र क्षेत्रीय मुद्दाप्रति मौन माओवादी प्रतिपक्षमा पुगेपछि जातीय मुद्दा बोकेर मुलुकमा अराजकता बढाउने रणनीति जिम्मेवार राजनैतिक दलले गर्ने काम पटक्कै होइन । माओवादीले बोक्ने जातीय मुद्दाले माओवादीलाई कति बलियो बनाउँछ त्यो भन्न सकिन्न तर मुलुकमा समुदाय–समुदायबिच मनमुटाव बढ्छ, आपसी एकता र सद्भाव खल्बलिन्छ । माओवादी शान्तिपूर्ण राजनीतिमा आएको दुई दशक पुग्न लागेको छ । अहिले पनि युद्धकालमा झैं अराजकताको आगो झोसेर शक्ति आर्जन गर्नु गैरजिम्मेवार कदम हो ।

# बिचौलियाको जालो नतोडिँदा कुशासन



सागर पण्डित

*भ्रष्टाचारविरोधी निकायको पुनः संरचना, सप्पत्ति र आम्दानीमा पारदर्शिता, सार्वजनिक अधिकारी र सर्वसाधारणको व्यवहार परिवर्तन, भ्रष्टाचारविराधी, नैतिकता र सदाचार प्रवर्द्धन गर्ने कानुन कार्यान्वयनमा प्रभावकारिताबाट भ्रष्टाचार घट्ने र सदाचारिता कायम हुने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ । त्यसैले हाम्रा सबै शासक–प्रशासकहरु, राजनीतिक दलहरु र सार्वजनिक क्षेत्रमा रहेका सबै पक्षहरु सच्चिएर सदाचारी र नैतिकवान् बन्नु नै सबै र उनीहरुको लागि पनि श्रेयष्कर छ ।*

जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान सबै सरकार र सरकार चलाउनेहरुमाथि चरितार्थ हुँदै आएको छ । हामीकहाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापना भएपछि पनि धेरै सरकारहरु बनिसकेका छन् । तर ती सबै सरकारहरु शासकीय व्यवस्थाको मूल्य र मान्यता स्थापित गर्न असफल हुँदै आएका छन् ।

संसद्का सबैभन्दा ठूला राजनीतिक दल कांग्रेस र एमालेले मुलुकमा देखिएको संकट समाधान गर्न र संविधान संशोधन गर्न भन्दै बनाएको यो सरकार पनि पुरानै सरकारजस्तै यथास्थितिवादीमा रुपान्तरण भइरहेको छ । सरकारले आम जनतामा कुनै प्रकारको नयाँपन र आशाको सञ्चार दिन सकेको छैन । त्यसैले जनताले भनिरहेका छन्- 'जुन जोगी आए पनि कानै चिरेका ।' यसअघिको पुष्पकमल दाहाल नेतृत्वको सरकार पनि जनतामा आशा जगाउन असफल भएको थियो । दाहालको सरकारले पनि जनताको गास, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारसम्बन्धी समस्या समाधान गर्ने विषयमा कुनै काम गर्न सकेको थिएन । अहिलेको सरकार पनि करिब-करिब त्यही पथमा अघि बढिरहेको छ । यदि वर्तमान सरकारले जनताका तमाम समस्या समाधान गर्न नसक्ने र परम्परागतरुपमा नै काम गरिरहने हो भने २०८४ को निर्वाचनमा कांग्रेस र एमालेले सर्मनाक हार व्यहोर्नुपर्ने निश्चित छ । त्यसैले उनीहरुले बेलैमा सचेत हुन जरुरी छ ।

आम जनतामा किन र कसका कारण यति धेरै निराशा र आक्रोश पैदा भयो भन्नेमा सत्तारुढ र प्रमुख प्रतिपक्षीलगायतका दलहरुले ठण्डा दिमागले सोच्ने र छलफल गर्ने काम कहिल्यै पनि गरेको देखिँदैन । जनताका मुख्य समस्यालाई केन्द्रविन्दुमा राखेर सरकारमा रहनेहरुले छलफल गर्दैनन् । उनीहरुको त कसरी हुन्छ सत्ता र शक्ति जोगाउने तथा विभिन्न सरकारी निकायमा आफ्ना आसेपासे र हनुमानहरुलाई फिट गर्ने भन्नेमा नै बित्ने गर्छ । यस प्रकारको उनीहरुको कार्यशैलीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामाथि नै गम्भीर प्रश्नचिह्नहरु उठिरहेका छन् भने यो शासन व्यवस्था उल्टाउन खोज्ने शक्तिहरुलाई बल मिलिरहेको छ ।

अहिले सबैतिर भनिने र गुनासो गरिने विषय भनेकै नेपालमा कोही पनि इमानदार भएनन्, सदाचारी भएनन्, त्यसैले देश खत्तम भयो । हुन पनि यस्ता गुनासाहरु सही छन् । देश हाँक्ने मुख्य जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्वमा नैतिकता, इमानदारिता र सदाचारिता हराउन थालेको छ । उनीहरु प्रायः सबैजना बिचौलिया र माफियाकै संगतमा रमाइरहेका छन् । यसका कारण जनताको समस्या ज्यूँका त्यूँ र झनै बढ्दो छ । मुलुकमा सुशासन र विकासको मार्ग अवरुद्ध हुन पुगेको छ । सिंहदरबार र बालुवाटारमा बस्नेहरु सच्चिने छाँटकाँट देखिँदैन । त्यहाँ बसेका शासकहरुले बाहिर रहेको जनसंसार पूर्णरुपमा बिर्सने गरेका छन् । अर्कोतर्फ सेवा सञ्चालन गर्ने निकायले प्रभावकारी सेवा प्रवाह गर्न नसके पनि उनीहरुलाई कुनै कारबाही गरिँदैन । सरकारी क्षेत्रमा दण्डहीनता अत्यधिक मौलाउँदो छ । जसले जे-जस्ता अपराध गरे पनि छुट दिने गलत प्रवृत्तिले गर्दा सरकारी सेवा पनि पक्षघातले ग्रसित हुन पुगेको छ । धेरैजसो सरकारी निकायमा सेवाग्राहीले ठूलो सास्ती र दुःख व्यहोर्नुपर्छ भने ती सरकारी कार्यालयमा सेवा लिन बिचौलियाको भर पर्नुपर्ने बाध्यता छ ।

२०६२/६३ सालको जनआन्दोलनको सफलतासँगै हालसम्म निरन्तर सत्तामा रहँदै आएका कांग्रेस, माओवादी केन्द्र र एमालेले विगत १८ वर्षमा शासकीय सक्षमता प्रमाणित गर्न नसकेको यथार्थ कसैसामु छिपेको छैन । यो अवधिमा मुलुकले शान्ति प्रक्रियालाई सफलतापूवर्क अवतरण गर्न सकेको भए पनि मुलुकको विकास, सुशासन र समृद्धिको अवस्थालाई हेर्दा सरकार र शासकहरु पूर्णरुपमा असफल हुँदै आइरहेको तथ्य जगजाहेर नै छ । यो सबै शासकहरुमा देखिएको सदाचारिताकै अभाव हो । जबसम्म शासकहरु सदाचारी बन्न सक्दैनन् तबसम्म मुलुकले यस्तै अधोगति व्यहोर्नुपर्ने अवस्था आइरहन्छ । अझैं पनि रोग, भोक र गरिबीका कारण यहाँका कैयौं नागरिक आक्रान्त छन् । विकट गाउँघरमा सिटामोल र जीवनजलसमेत नपाएर कैयौं नागरिक अकाल मृत्युवरण गर्न बाध्य छन् । कुनै प्रकोप र प्राकृतिक संकट आएमा त्यसको सबैभन्दा बढी मार गरिब, विपन्न परिवारले भोग्नुपर्ने अवस्था छ । बाटोघाटोको दुर्दशाका कारण हुने सडक दुर्घटनाबाट समेत कैयौं नागरिक अकालमा मर्न विवश भइरहेका छन् । रोजगारीको अभावमा लाखौं युवायुवती वार्षिकरुपमा विदेशिनुपरेको पीडादायी अवस्था छ ।

लोकतन्त्रमा सबै नागरिकले विकास र अवसरको फल समानरुपमा पाउनुपर्ने हो । तर त्यस्तो हुन नसक्दा हामीकहाँ धनी र गरिबबीचको खाडल झन-झन् गहिरिँदै छ । धनीहरु झन-झन् धनी र गरिबहरु झन-झन् गरिब हुनुपर्ने दुःखदायी अवस्था छ । यो सबै हाम्रा शासक र सरकारहरुले देखाउँदै आएको भ्रष्ट चरित्रको उपज हो । साथै उनीहरुको भ्रष्ट चरित्रले सिर्जना गरेको समस्या हो । चाहे भूकम्प होस्, चाहे बाढीपहिरो किन नहोस्, त्यसले सबैभन्दा बढी क्षति विपन्न र गरिब घरपरिवारलाई नै पुऱ्याउँदै आइरहेको छ । हामीकहाँ जनतालाई समृद्ध र धनी बनाउने विषय शासकको दिमागमा कहिल्यै पनि आउँदैन । त्यसैले पनि गरिब जनता सधैँ गरिबीको दुश्चक्रमा पिल्सिएर बस्न र विभिन्न खाले विपत्तिको सामना गर्न विवश छन् ।

चारैतिर निराशाको बादल मडारिरहेको छ । अब यो तथ्यलाई शासक-प्रशासकहरुले गम्भीरतापूर्वक लिएर सच्चिनुपर्छ । त्यसको शुरुवात प्रधानमन्त्री, मन्त्री, मुख्य सचिव र सचिवहरुबाटै गरिनुपर्छ । यसको लागि उनीहरुले बिचौलियाको घेराबन्दीलाई पूर्णरुपमा भत्काउन सक्नुपर्छ । उनीहरु नैतिक र सदाचारी बन्नै पर्छ ।

सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनको लागि मात्र नियुक्त भएका हुन्छन्, भष्टाचार गर्न होइन भन्ने तथ्य बुझेर सबैजना सुशासन कायम गर्ने दिशामा अग्रसर हुनै पर्छ । अहिले पनि कतिपय मन्त्रालयमा मन्त्रीहरु बिचौलियाकै निर्देशनमा सञ्चालन भइरहेका विषयहरु बाहिर आइरहेका छन् । केही मन्त्रीकै योजनामा अर्बौंको चलखेल भइरहेको भन्ने तथ्यहरुसमेत आएका छन् । त्यसैले प्रधानमन्त्रीले यससम्बन्धमा त्यस्ता मन्त्रीहरुको पहिचान गरी आन्तरिकरुपमा छानबिन गर्नुपर्छ । छानबिन गरी अर्बौं चलखेल भएको पाइए त्यस्ता मन्त्रीलाई तत्काल हटाउन सक्नुपर्छ । अन्यथा त्यो चलखेलको जिम्मेवारी प्रधानमन्त्री आफैँले पनि लिनुपर्ने हुन्छ । हामीकहाँ सबैभन्दा ठूलो रोग नै भ्रष्टाचार व्याप्त हुनु हो । भ्रष्टाचार रोक्न सदाचारमा बस्नु र बसाउनु नै मुख्य उपाय हो । प्रधानमन्त्रीले आफू पनि सचादारितामा बस्ने र अन्य मन्त्रीलाई पनि सदाचारी बनाउन सक्नुभयो भने मात्रै मुलुकमा धेरै हदसम्म सुशासन कायम हुन सक्छ ।

वास्तवमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य नभएर विचलित व्यवहार हो । सदाचार प्रवर्द्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्नु हो । सदाचारिता गुमाएका व्यक्तिको आचरणका सम्बन्धमा अनुमान गर्न सकिँदैन । अनिश्चित स्वभाव भएका व्यक्तिलाई विश्वास गर्न सकिँदैन । शासकीय पद्धतिमा त्यस्ता अविश्वसनीय व्यक्तिहरुको उपस्थितिले शासन प्रणालीलाई भताभुंग पार्दछ । मेहनतविना धन आर्जन गर्न खोज्ने व्यक्तिले छोटो उपायको खोजी गर्छन् । त्यस्ता छोटो उपाय खोज्ने राजनीतिक नेतृत्व तथा कर्मचारीले आफ्नो जिम्मेवारी, कर्तव्य र मूल्यहरुसँग सम्झौता गर्छन् र भ्रष्टाचारमा अभ्यस्त हुन्छन् । आज हामीकहाँ यस्तै व्यक्तिहरुको वर्चश्व छ, राजनीतिक नेतृत्व होस् कि प्रशासनिक नेतृत्व होस् ।

क्लिजगार्ड सदाचारितामार्फत् भ्रष्टाचार उन्मूलन गर्न नसकिए पनि घटाउनचाहिँ सकिन्छ भन्छन् । सिंगापुर, थाइल्यान्ड, हङकङ आदि देशको अनुभवले छोटो अवधिमा पनि भ्रष्टाचार नियन्त्रणमा सफतलता प्राप्त गर्न सकिन्छ भन्ने देखाएको छ । त्यसैले हामीकहाँ पनि भ्रष्टाचारमा कमी ल्याई सुशासन प्रवर्द्धन गर्न नसकिने भन्ने होइन । यसका लागि कठोर राजनीतिक प्रतिबद्धता, राजनेताको त्याग र बलिदान, भ्रष्टाचारविरोधी निकायको पुनः संरचना, सप्पत्ति र आम्दानीमा पारदर्शिता, सार्वजनिक अधिकारी र सर्वसाधारणको व्यवहार परिवर्तन, भ्रष्टाचारविराधी, नैतिकता र सदाचार प्रवर्द्धन गर्ने कानुन कार्यान्वयनमा प्रभावकारिताबाट भ्रष्टाचार घट्ने र सदाचारिता कायम हुने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ । त्यसैले हाम्रा सबै शासक-प्रशासकहरु, राजनीतिक दलहरु र सार्वजनिक क्षेत्रमा रहेका सबै पक्षहरु सच्चिएर सदाचारी र नैतिकवान् बन्नु नै सबै र उनीहरुको लागि पनि श्रेयष्कर छ । अन्यथा मुख्य नेतृत्वमा रहने राजनीतिक दल र तिनका नेताहरुको पतन अवश्यम्भावी छ ।

समाचारपत्रबाट

# नेप्से सामान्य अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढेको छ । नेप्से परिसूचक पाँच दशमलव ३२ अङ्कले बढेर दुई हजार पाँच सय ९१ दशमलव ५६ को बिन्दुमा कायम भएको हो ।

तीन सय २७ कम्पनीका ९३ लाख ८६ हजार सात सय २१ कित्ता शेयर ६१ हजार एक सय ६७ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ८६ करोड दुई लाख एक हजार नौ सय ७४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव ५५, वित्त एक दशमलव ०४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६०, लघुवित्त शून्य दशमलव १४ र म्युचुअल फन्ड शून्य दशमलव ७४ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ६०, जलविद्युत् एक दशमलव ६७ र लगानी समूह शून्य दशमलव ३९ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव २७, निर्जीवन बिमा शून्य दशमलव ०४, व्यापार एक दशमलव १४ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले बढेको छ ।

तीन वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेड र ग्रीन भेन्चर्स लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव ८८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै जानकी फाइनान्स कम्पनी लिमिटेडको रु १९ करोड नौ लाख ५० हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको तीन लाख ८३ हजार पाँच सय छ कित्ता शेयर किनबेच भएको छ ।

# 'मेथीको साग' मधुमेह र मुटु रोगीका लागि लाभदायक

विशेष गरी हामीले मसलाको रुपमा मेथीको दानालाई प्रयोग गदर्छौं । मेथीको दानाजस्तै यसको पात (साग) पनि स्वास्थ्यका लागि धेरै फाइदाजनक छ ।

मेथीको सागले दुवै प्रकारका मधुमेह (टाइप १ र टाइप २)का रोगीलाई फाइदा पुऱ्याउँछ । मेथीले शरीरमा इन्सुलिनको मात्रा बढाउँछ, जुन मधुमेह बिरामीहरूका लागि अत्यन्त महत्वपूर्ण हुन्छ ।

यसमा पाइने फाइबरले पाचनलाई स्लो गर्दछ, जसको कारण शरीरमा चिनीको अवशोषण छिटो हुँदैन । मधुमेहका बिरामीहरूले मेथीको साग खानु निकै राम्रो मानिन्छ ।

त्यस्तै, मेथीको सागले कोलेस्ट्रोलको अवशोषण कम गर्दछ र कलेजोमा कोलेस्ट्रोलको गठन रोक्दछ । यो मधुमेह भएका एथेरोस्क्लेरोसिस बिरामीहरूको लागि पनि धेरै फाइदाजनक हुन्छ । केही अध्ययनका अनुसार मेथीको सागले शरीरमा राम्रो कोलेस्ट्रोल (एचडीएल) बढाउन र खराब कोलेस्ट्रोल कम गर्न मद्दत गर्दछ ।

यसका साथै आमाको दूध बच्चाको विकासको लागि धेरै महत्वपूर्ण हुन्छ । मेथी स्तनपानको उत्पादनको एक राम्रो स्रोत पनि हो । त्यसकारण, प्रसूतिपछि मेथीको साग खान महिलालाई सल्लाह दिइन्छ । तरकारी बाहेक यसको जडिबुटी चिया पनि बनाउन सकिन्छ ।



त्यस्तै, मेथीको सागमा फाइबर पनि पाइन्छ, जसले एन्टिअन्सिडेन्ट गुणहरूको साथै पाचनमा सुधार गर्दछ । पेटको समस्या भएकाहरुले आफ्नो आहारमा मेथी साग समावेश गर्नुपर्छ ।

मेथीको चियाले कब्ज, अपच र पेट दुखाइ कम गर्दछ । यसबाहेक यो आन्द्राको सूजन र पेटको अल्सरका लागि पनि धेरै लाभदायक हुन्छ । मेथी सागले एसिडिटी पनि कम गर्दछ ।

त्यस्तै, मेथीको सागले पुरुषमा टेस्टोस्टेरोन हर्मोनको उत्पादन बढाउने काम गर्दछ । मेथीमा फुरोस्टेनोलिक सैपोनिन्स हुन्छ, जसले टेस्टोस्टेरोन वृद्धि गर्छ ।

# चिसो बढेसँगै सुनसान बन्दै ढोरपाटन



ढोरपाटन । चिसो बढेपछि ढोरपाटन उपत्यका सुनसान बन्न थालेको छ । मङ्सिर अन्तिम सातासम्म पर्यटकको चहलपहल रहेको ढोरपाटनमा पुस पहिलो सातादेखि नै सुनसान बन्दै गएको हो । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको ढोरपाटनमा बर्सेनि पर्यटक बढ्दै गएका छन् ।

सञ्चारमाध्यम र सामाजिक सञ्जालमा यहाँको मनमोहक दृश्यको प्रचार हुँदै गएपछि पर्यटकको आकर्षण बढेको हो । जाडोका कारण स्थानीय बासिन्दासमेत बोबाङ, अधिकारीचौर र निसीखोला झर्ने हुँदा ढोरपाटन सुनसान हुने गर्छ । पर्यटकको आगामन कम भएपछि यहाँ संचालित होटल व्यवसायी पनि फुर्सदिला बनेका छन् ।

ढोरपाटनमा हिउँ परे घुम्न आउने पर्यटक बढ्ने भए पनि अहिले सुनसान भएको ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताए । ढोरपाटनमा घुम्ती बसाई हुने हुँदा यति बेला धेरै स्थानीय बेँसी झरेको उनको भनाइ छ । अघिल्ला वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको संख्या बढेको भन्दै हरेक वर्ष पुसदेखि फागुनसम्म पर्यटक आगमन निकै कम हुने अध्यक्ष अदैले बताए ।

अध्यक्ष भण्डारीले भने-"यो यामनै ढोरपाटनमा कम चहलपहल हुने गर्छ, चिसो बढेको छ, चिसोका कारण कम मात्रमा पर्यटक आउने गरेका छन्, मङ्सिरसम्म दैनिक एक सय ५० जना पर्यटक घुमफिरका लागि आउने गर्थे भने अहिले घटेर ३०/४० जना मात्रै आउने गरेका छन्, प्रचारप्रसार निकै भएर होला पहिलेका वर्षहरूमा भन्दा अहिले पर्यटकको संख्या बढ्दै गएका छन् ।"

पाँच वर्ष अगाडिसम्म ढोरपाटनमा होटल व्यवसाय गर्ने स्थानीय कम थिए । तर अहिले ढोरपाटन उपत्यकामा मात्रै करिब ४० हाराहारी होटल सञ्चालनमा छन् । चिसोका कारण पाहुन आउन कम भएपछि केही दिनका लागि आफू पनि बेसी झरेको होटल व्यवसायी श्यामलाल घिमिरेले बताए । पछिल्लो समय ढोरपाटनमा बास बस्ने र खाना खाने सुविधा बढ्दै गएपछि पर्यटकको आकर्षण बढ्दै गए पनि यो सिजनमा कम भएको उनको भनाइ छ ।

अहिले शुक्रबार र शनिबार फाट्टफुट्ट पाहुन ढोरपाटन पुग्ने घिमिरे बताउँछन् । आएपश्चिम बागलुङको ठूलो व्यापारी केन्द्र बुर्तिबाङ बजारदेखि करिब ३२ किलोमिटरको दूरीमा रहेको ढोरपाटनसम्म कच्ची सडक पुगेको छ । राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकले ढोरपाटन जोडिएपछि थप चर्चा पाएको छ । तर उक्त सडक स्तरोन्नति नहुँदा पर्यटकले सास्ती खेप्नु परेको छ ।

# 'थेसिस'को नतिजा राकिँदा विद्यार्थी समस्यामा

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटस्थितसिद्धान्तकलेजकोवनविज्ञानसङ्कायतर्फको स्नातक तह आठौँ 'सेमिस्टर'को 'थेसिस'को नतिजा राकिँदा विद्यार्थी समस्यामा परेका छन् ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयले सो कलेजमा अध्ययनरत २९ जना विद्यार्थीको नतिजा रोकिदिँदा विद्यार्थी समस्यामा परेका हुन् । कलेजका विद्यार्थी आशिष थपलियाले आठौँ सत्रहान्तको थेसिसको नतिजा रोकिएको जानकारी दिए । "हामीसँगै भर्ना भएका वन विज्ञानतर्फका हेटौँडा र कटारीका विद्यार्थीको 'रिजल्ट' यही पुस १६ गते आयो तर हाम्रो रोकिएको छ, थेसिसको रिजल्ट नआएसम्म ट्रान्सकृप्ट पाइँदैन", उनले भने-"यस विषयमा क्याम्पस प्रमुखसँग कुराकानी गर्न खोज्दा क्याम्पस प्रमुखले हामीसँग कुराकानी गर्नै खोज्नुभएन ।"

क्याम्पसका प्रमुख एवं प्रबन्ध निर्देशक छवि कँडेलले विश्वविद्यालयको गल्तीका कारण विद्यार्थीको नतिजा रोकिएको बताए । "हामीले आन्तरिक मूल्याङ्कनको नम्बर पठाउने अन्तिम दिनमा विद्यार्थीहरूको नम्बर इमेल गरेर विश्वविद्यालयको परीक्षा शाखामा पठाएका थियौँ", उनले भने-"विश्वविद्यालयले इमेल नहेरी अरु दुई कलेजको रिजल्ट निकाल्दा हाम्रो कलेजको रोकिएछ ।" विद्यार्थीहरूको नतिजा रोकिएको विषयमा विश्वविद्यालयसँग कुराकानी भइरहेको जनाउँदै क्याम्पस प्रमुखले चाँडै नै विद्यार्थीहरूको नतिजा प्रकाशन हुने बताए ।

आठौँ सत्रहान्तका विद्यार्थीसँग कलेजले अतिरिक्त शुल्कसमेत माग्दै आएको विद्यार्थीको गुनासो छ । आठौँ सत्रहान्तका विद्यार्थी प्रेमकृष्ण साहले भर्ना गर्ने बेलाबाट नै कलेजमा धेरै समस्याको सामना गर्दै आएको बताए । "हामी विश्वविद्यालयको आठौँ ब्याच तथा सिद्धान्त कलेजको दोस्रो ब्याचको विद्यार्थी हो", उनले भने-"कलेजले प्रयोगात्मक परीक्षा नलिने तर शुल्क लिने गरेको छ । विद्यार्थीसँग भर्ना हुने बेलामा मागेको धरौटी रकमसमेत फिर्ता नगर्ने कलेजले जनाएको छ ।"

## बाणगङ्गा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा-०४, कपिलबस्तु, लुम्बिनी प्रदेश, नेपाल

**बाणगङ्गा फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०९/२२)

लुम्बिनी प्रदेश, कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः बाणगङ्गा-०४, कपिलबस्तु, लुम्बिनी प्रदेश<br>ईमेलःbangangamun@gmail.com,<br>वेबसाईटः https:// bangangamun.gov.np/<br>फोन नं.: +०७६-५५०३८३ |
| प्रस्तावको व्यहोरा | बाणगङ्गा नगरपालिका वडा न. ०९, खाडखानीमा प्रस्तावित बाणगङ्गा फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा संचालन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिका वडा नं. ०९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बाणगङ्गा नगरपालिका ९ नं. वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बाणगङ्गा नगरपालिका, बाणगङ्गा-०४, कपिलबस्तु, लुम्बिनी प्रदेश<br>bangangamun@gmail.com, फोन नं. ०७६-५५०३८३ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सल्टेन्ट एंड बिल्डर्स,<br>तिलोत्तमा-०५, रुपन्देही<br>फोन नं. ९८६७१८९०५१ |

# तीन चरणमा साधारणसभा सम्पन्न

बुटवल । तिन चरणमा सम्पन्नपश्चिम नेपाल यातायात बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको चौथो वार्षिक साधारणसभा विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ । यस अघि नवलपरासी र सैनामैनामा २ चरणको कार्यक्रम सम्पन्न भैसकेको छ ।

सहकारीले गत मंसिर २८ गते सम्पन्न निर्वाचनमा नेपाल पत्रकार महासंघ केन्द्र, प्रदेश र जिल्लामा विजेताहरुलाई सो अवसरमा सम्मान गरेको थियो । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले यातायात क्षेत्रले राष्ट्रनिर्माणमा अहम भूमिका खेलेको बताउँदै पत्रकारिताको माध्यमबाट आफूहरुले समाज रुपान्तरण तथा यातायात क्षेत्रको विकासमा सहकार्य गर्ने बताए ।

तिलोत्तमाको वनबाटिकामा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र थप विश्वसनीय बनाउन आवश्यक रहेको बताएका छन् । करोडौं लगानी गरेर भित्राइएका सवारी साधनहरु गुडाउँदा सडकको दुरावस्थाका कारण व्यवसायीहरु मारमा परेको बताउँदै नेपाल जस्तो विकासउन्मूख मुलुकमा सहकारी क्षेत्र आर्थिक विकासको मेरुदण्ड भएकोले यसको सिद्धान्त र गरिमालाई पनि बचाएर अघि बढ्न उनको आग्रह छ ।

पश्चिम नेपाल बस व्यवसायी प्रालि तथा सहकारीका अध्यक्ष दधिराम खरेलले व्यवसायी, मजदूर र तिनका परिवारलाई समेत उत्थान गर्ने सहकारीको नीति रहेको उल्लेख गर्दै जीवनभर यातायात क्षेत्रमा काम गरेका व्यवसायी र मजदुरहरु जीवनको उत्तरार्द्धमा खाली हात घर फर्किनुपर्ने अवस्थाको अन्त्य गरिने बताए ।

यसका लागि तिनै तहका सरकारको सहयोग र सहकार्यको आवश्यक्ता रहेको कुरामा उनो जोड थियो । संस्थाले २००६ र २००७ मोडलका ४१ वटा सवारी साधनलाई विस्थापित गरेको छ । कार्यक्रममा तत्कालिन संघका पूर्व अध्यक्ष तुल्सीराम बन्जाडेले विगतको तुलनामा यातयातको क्षेत्रले निकै फड्को मारेको जनाए ।

सहकारीका उपाध्यक्ष जीवनकुमार बन्जाडेले हाल सहकारीमा २ सय ५८ जना महिला शेयर सदस्य र १ हजार ८ सय ९२ पुरुष शेयर सखस्य गरी २१ सय ८५ जना शेयर सदस्यहरु रहेको बताए । यातायात व्यवसायी,कर्मचारी र मजदुरहरुको आर्थिक अवस्थालाई सवलिकरण गर्ने उद्देश्यले २०७८ सालमा स्थापना गरिएको उक्त सहकारी संस्थाले शेयर सदस्यहरुका लागि १५ देखि २२ लाख बराबरको दुर्घटना बिमाको व्यवस्था गरिएको प्रवन्धक रामचन्द्र भुसालको भनाइ छ ।

चालकलाई डिजिटल माध्यमबाट परिचयपत्र बनाई वितरण गरिएको तथा प्रालिबाट प्रदान गरिने हरेक सेवालाई प्रविधिमैत्री सेवा विस्तारका लागि विशेष योजना बनाएको र प्रालिबाट संचालित स्तरीय र ब्राण्डेड सवारी साधनमा जीपीएस, सिसि क्यामेरा साथै गति मापनयन्त्र जडान कार्यसमेत भैरहेको सञ्चालक मोहन पिएसको भनाइ छ । साधारणसभामा लामो समयदेखि असल चालकका रुपमा कुनै पनि दुर्घटना नगराएर दुर्घटना न्यूनीकरणमा भूमिका खेलेकोमा असल तथा स्वरोजगार चालकहरु रमेश न्यौपाने र उद्धबहादुर सुवेदीलाई सम्मान गरेको छ ।

त्यस्तै कर्तव्य निष्ट असल कर्मचारीहरुमा शंकर खरेल, विश्व न्यौपाने, सम्मर बहादुर थापा, सहकारीका तर्फबाट असल कर्मचारीका रुपमा कार्यरत जगबहादुर श्रेष्ठ तथा स्वरोजगार व्यवसायी सन्तुसिंह गान्धीलाई सम्मान गरिएको कर्मचारी राजन शर्माले जानकारी दिए ।

**तथ्यका...**

अध्यक्ष ओलीले पार्टीका नेताहरूमा विपक्षीका आरोप र विरोधको खण्डन गर्नुहुँदैन भन्ने धारणा विकास भएको र पार्टी जनजनमा पुग्नुपर्छ भन्ने मान्यतामा पनि कमी आएको भन्दै केन्द्रीय कमिटीका सदस्यहरूको गम्भीर ध्यानाकर्षण गराएको गौतमले बताए ।

ओलीले भने-'हामी विरोधीका आरोपमाथि चुप लागेर बस्नु हुँदैन । चुप लागेर बस्नुपर्छ भन्ने कमजोर धारणा हो । विरोधीका आरोपबारे तथ्यका आधारमा खण्डन गर्नुपर्छ । हाम्रा सबै सङ्गठनहरू उत्साहित भएर व्यक्ति व्यक्ति र घर घरमा पुग्नुपर्छ । वैचारिक कामलाई उत्तिकै महत्त्व दिनुपर्छ ।'

अध्यक्ष ओलीले केन्द्रीय कमिटीका सदस्यहरूलाई संगठनात्मक काममा सक्रियतासाथ लाग्न निर्देशन समेत दिएको उनको भनाइ छ ।

यस्तै बैठकले समसामयिक प्रस्ताव तयार गर्न स्थायी कमिटी सदस्यहरू रघुजी पन्त, खगराज अधिकारी र राजेन्द्र गौतम रहेको प्रस्ताव मस्यौदा कमिटी र पोलिटब्युरो सदस्य सूर्य थापा, केन्द्रीय कमिटी सदस्यहरू निरज आचार्य र विष्णु रिजाल रहेको बहस नोट कमिटी गठन गरेको छ । यस्तै बैठकबाट राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकयता पोलिटब्युरो र केन्द्रीय सचिवालय बैठकबाट भएका निर्णयहरू सर्वसम्मतिले अनुमोदन गरिएको गौतमले बताए ।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दिव्रुङ गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. ०१, बस्ने श्री सडा बलालको नाति श्री गंगु बलालको छोरा श्रीमती कृष्ण कला बलालको पति बर्ष ९० को श्री अमर सिं थापा भन्ने अमर सिं बलाल (नागरिकता नं. ५७१ जि.प्र.का गुल्मी मिति २०३८/०१/०५ मा जारी) को मिति २०८१/०३/१७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३००८६२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री खीम बहादुर बलालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री अमर सिं थापा भन्ने अमर सिं बलाल (नागरिकता नं. ५७१ जि.प्र.का गुल्मी मिति २०३८/०१/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही साविक मधुवनी गा.वि.स. ५ हाल लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १० बस्ने आरती त्रिपाठी लु.स.न.पा. वडा नं. १० को च.नं. २९७ मिति २०८१/०८/२८ को सिफारीस संलग्न राखी हाम्रो ससुरा चन्द्रमणी तिवारीको मिति २०५२ । ०९ । २९ गते र हाम्रो सासु तथा चन्द्रमणी तिवारीको एकमात्र पत्नी गुल्वा तिवारीको मिति २०५०।०१।११ गते आ-आफ्नै कालगतिले मृत्यु भई सकेकोले मृतकबाट जाय जन्म भएका ३ छोरा क्रमसः कपिलदेव मणी त्रिपाठी, बुद्ध सागर मणी त्रिपाठी, शिल सागर मणी त्रिपाठी भएकाले शिल सागर मणि त्रिपाठीको आफ्नै कालगतिले मिति २०७७।०८।०५ गते मृत्यु भएकोले एक मात्र पत्नी आरती त्रिपाठी भएकोले बाबु चन्द्रमणी तिवारीको नाममा सर्वेनापीमा नाप नक्सा भएको निजको हकखाने हकवाला रहेको व्यहोरा किटानी सहीत साविकदेखी हालसम्म हामीहरुको जोतभोगमा रहेको जग्गा सर्वे नापी भई दर्ता हुन छुटसम्म भएको जिल्ला रुपन्देही मधुवनी गा.बि.स. वडा नं. ५ कि.नं. ३९१ ज.वि. ०-३-६ जग्गा मालपोत ऐन, २०३४ को दफा ७ (२) तथा नेपाल राजपत्रमा मिति २०८० / १० / ११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी दर्ता नं. १२९०२ मिति २०८१/०९/११ मा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा निवेदन दिनुभएकोमा निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी गर्दा सरकारी / सार्वजनिक वा व्यक्तिगत अन्य कसैको हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा बारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ । म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ ।

जग्गाको विवरण

| सि. नं. | जिल्ला | गा.बि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | मधुवनी | ५ | ३९१ | ०.३.६ | चन्द्रमणी तिवारी | |

इति सम्बत् २०८१ साल ०९ महिना १८ गते रोज ५ शुभम् ।

## Baganaskali Rural Municipality
### Office of Rural Executive
Chirtungdhara, Palpa

## Invitation for Online Bids

**Date of publication: 2081/09/22 (Jan,06,2025)**

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Seal Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nepal Bank Ltd., Palpa
Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa
**Bank details for Bid Document (If Cash deposit):** Nepal Bank Limited, Palpa,
Antarik Rajaswa Account No.: 01703000001001000001
Bid Validity Period: 45 days for Seal Quotation
**Bank details for Bid security (If Cash deposit):** Nepal Bank Limited, Palpa,
Dharauti Khata A/C no. 01703000003000000001

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| BRM/PLP/ GOODS/ SQ/03/081-082 | Supply & Delivery of Veterinary Medicines & Medical Item at Baganaskali Rural Municipality. | 13,99,999.00 | 1,000.00 | 40,000.00 | 2081/10/08 12.00 Pm (Jan,21,2025) |
| BRM/PLP/ GOODS/SQ /05/081-082 | Purchase and Supply of Ayurved Medicines at Baganaskali Rural Municipality. | 6,99,425.00 | 1,000.00 | 16,000.00 | 2081/10/08 12.00 Pm (Jan,21,2025) |

For more information, please visit website:baganaskalimum.gov.np

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

मदन भण्डारी गोल्ड कप भलिबल :

# मणिमुकुन्द सेमिफाइनलमा



बुटवल। रुपन्देहीमा जारी मदन भण्डारी गोल्ड कप इन्डो नेपाल पुरुष भलिबल प्रतियोगिताको आइतबार सम्पन्न खेलमा विजयी हुँदै मणिमुकुन्द भलिबल क्लब रुपन्देही सेमिफाइनलमा प्रवेश गरेको छ। आइतबार भएको निक्कै प्रतिस्पर्धात्मक खेलमा आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीलाई ३-२ को सेटमा पराजित गर्दै मणिमुकुन्दले अन्तिम चारमा स्थान बनाएको हो। यसैगरी दोस्रो खेलमा गुजराँत भलिबल क्लबले गल्कोट भलिबल क्लब बागलुङलाई पराजित गरेको छ। गुजराँतको यो दोस्रो जित हो।

बुटवल १० रामनगर खेलमैदानमा भएको पहिलो खेलमा मणिमुकुन्द भलिबल क्लबले २५-२० अंकसहित जित निकाल्दै खेलमा अग्रता लिएको थियो। तर दोस्रो सेट भने आयोजक मदन भण्डारीले २५-१८ मा जित्दै बराबरी खेलेको थियो। तेस्रो सेटमा २५-१२ अंकको साथ जित निकाल्दै मणिमुकुन्दले खेलमा फेरि अग्रता लियो। चौथौ सेट भने खेलमा फर्किदै आयोजक मदन भण्डारीले २५-२० अंकले जित निकाल्यो। अन्तिम तथा निर्णायक पाँचौ सेट मणिमुकुन्दले १५-१२ अंकको जित निकाल्दै सेमिफाइनल यात्रा पक्का गरेको हो।

दोस्रो खेलमा गुजराँत स्टेट भलिबल क्लबले विदेशी खेलाडीसहित मैदानमा रहेको गल्कोट भलिबल क्लबलाई ३-० को सेटमा पराजित गरेको छ। एकतर्फी खेलमा गुजराँतले २५-१८, दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-१६ को सोझो सेटमा पराजित गरेको हो।

सोमबारको पहिलो खेलमा विभागीय टिम नेपाल पुलिस क्लबले रुकुम भलिबल क्लब तथा दोस्रो खेलमा विभागीय टिम त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बल (एपीएफ) क्लबको सामना गर्नेछ।

पुस २४ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले ७ लाख नगद पुरस्कारसहित रनिङ शिल्ड प्राप्त गर्नेछ।

साई ग्लोबल कपः

# राममणि र युनिक होमलाई सफलता







भैरहवा । राममणि क्याम्पस र युनिक होम रुपन्देहीको भैरहवामा जारी साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगितामा विजयी भएका छन् । आइतबार भएका दुई खेलमा राममणिले लुम्बिनी इन्जिनियरिङ कलेजलाई २५ रन र युनिक होमले न्यू होराइजन (ए) लाई ६ विकेटले पराजित गर्दै विजयी भएका हुन् ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको राममणिले मौसमका कारण १९ ओभरमा छोट्याइएको खेलमा सबै विकेट गुमाउँदै ९९ रन बनायो। उसका लागि थमन सिंजालीले २४, शिवकुमार मौर्यले १९ र रुपेश कुर्मीले १३ रन बनाए। बलिङमा लुम्बिनी इञ्जिनियरिङका विनोद गौतमले ४, आशिष भुसालले ३ तथा निरज विष्ट र विपिन न्यौपानेले १-१ विकेट लिए।

लुम्बिनी इञ्जिनियरिङले ८ विकेटको नोक्सानीमा जम्मा ७४ रन बनाउँदै हार व्यहोर्यो । उसका लागि विशाल न्यौपाने र प्रशान्त न्यौपानेले समान १६ तथा सचिन देवाकोटाले ११ रन बनाए पनि अन्य ब्याटर चल्न सकेनन् । बलिङमा राममणिका विकल अधिकारीले ३, रुपेश कुर्मी, आरिक केसी र तुल्सीराम भण्डारीले समान १-१ विकेट लिए। खेलमा विकल अधिकारी प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

अर्को खेलमा टस हारेर ब्याटिङ गरेको न्यू होराइजन (ए)ले निर्धारित २० ओभरमा ८ विकेटको नोक्सानीमा १ सय १० रन बनायो। उसका लागि अमर मिश्राले ५९ रनको अर्धशतकीय पारी खेले पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा युनिक होमका निश्चल चौधरीले ३, अरुण सिंहले २ तथा सविर आलम, इकलाख अहम्मद वारिस र फैजन खानले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको युनिक होमले १९ ओभरमा ४ विकेट गुमाउँदै १ सय १४ रन बनाउँदै जित निकाल्यो। उसको जितमा निश्चल चौधरीले ४७, सन्तोष यादवले २१ र इकलाख अहम्मद वारिसले अविजित १८ रन बनाए । बलिङमा न्यू होराइजन (ए)का महेश भरले २ तथा राहुल नाउले १ विकेट लिए । खेलमा निश्चल चौधरीले प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ पाए।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो । प्रतियोगिताको विजेता टिमले ५५ हजार, उप-विजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए।

# रविसहित ३९ जनाविरुद्ध मुद्दा दर्ता



बुटवल । राजधानीको कालीमाटीस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा रास्वपाका सभापति रवि लामिछानेलगायतविरुद्ध मुद्दा दायर भएको छ । आइतबार बचतकर्ताले राखेको रकम अनियमितता भएको जिकिरसहित जम्मा ३९ जनाविरुद्ध मुद्दा दर्ता भएको हो ।

सहकारीको एक अर्ब १९ करोड ९५ लाख रुपैयाँ अनियमितता गरेको आरोपमा गोर्खा मिडियाका तत्कालीन सञ्चालक समिति सदस्य लामिछानेसहित छविलाल जोशी, स्वर्णलक्ष्मी सहकारीका अध्यक्ष गीतेन्द्रबाबु (जीबी) राई, उपाध्यक्ष देवेन्द्रबाबु राई, कोषाध्यक्ष कुमार रम्तेल, सचिव इरान लामा, सह-सचिव कविता तामाङ, सदस्य हमेन्त अधिकारी, रविना रिमाल, पूर्वअध्यक्ष दिपक लामालगायतलाई प्रतिवादी बनाइएको छ ।

# नवीनमा वक्तृत्वकला प्रतियोगिता




बुटवल । नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा 'विद्यार्थीहरूको नेतृत्व र व्यक्तित्व विकासमा विद्यालयको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता आइतबार सम्पन्न भएको छ ।

विद्यालयले ४९औं वार्षिकोत्सव तथा अभिभावक दिवस २०८१ को अवसरमा बुटवल उप-महानगरपालिकाअन्तर्गत रहेका माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हो ।

उक्त वक्तृत्वकला प्रतियोगितामा प्रमुख अतिथि शिक्षा तालिम केन्द्र रूपन्देहीका प्रमुख दिवाकर भण्डारीले वक्तृत्वकला कार्यक्रमले विद्यार्थीको व्यक्तित्व विकासमा सहयोग गर्ने धारणा राख्दै विद्यार्थीहरूले यस्ता कार्यक्रममा भाग लिन र विद्यालयहरुले पनि यस्ता कार्यक्रम आयोजना गर्न सुझाव दिए ।

उक्त कार्यक्रममा ११ वटा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा एभरेस्ट माध्यमिक विद्यालयकी नेहारिका ज्ञवाली प्रथम, कान्ति माध्यमिक विद्यालयकी अनुषा ज्ञवाली द्वितीय र कालिका मानवज्ञान माध्यमिक विद्यालयकी मनिषा पराजुली तृतीय भएका छन् ।

कार्यक्रममा प्रथम हुनेलाई नगद दश हजार, द्वितीय हुनेलाई सात हजार र तृतीय हुनेलाई पाँच हजार नगद, चेक र प्रमाणपत्र प्रमुख अतिथिले वितरण गरेका थिए । विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा नवीन विद्यार्थी क्लबका रिजन श्रेष्ठ र समीक्षा जिसीको सञ्चालनमा सम्पन्न कार्यक्रममा निर्णायक मण्डलका संयोजक प्राध्यापक डा.हिरण्यलाल ज्ञवालीले वक्तृत्वकलाका नियमहरूको जानकारी गराएका थिए । निर्णायक मण्डलका सदस्य सह-प्राध्यापक ऋषिराम भुसालले नतिजाको विश्लेषण गर्दै नतिजा सार्वजनिक गरेका थिए ।

कार्यक्रममा नवीन विद्यार्थी क्लबका अध्यक्ष सुवास पौडेल, अर्घाखाँची देउराली स्टेशनरीका प्रोपराइटर पदमलाल पोखेलर उपाध्यक्ष रोशन परियारले आफ्नो धारणा राखेका थिए ।

विद्यालयले ४९औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा पौष ५ गते रक्तदान कार्यक्रम आयोजना गरिएको, पौष १२ गते खेल सप्ताह शुभारम्भ गरिएको थियो । आज २२ गते विद्यालयको ४९ औं वार्षिकोत्सव तथा अभिभावक दिवस २०८१ को अवसरमा नवीन दर्पण २०८१ विमोचन र छात्रवास भवनको समुद्घाटन बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयको प्रमुख आतिथ्यतामा हुनेछ ।

# नेविसंघ वालिङ कार्यसमितिको अधिवेशन



वालिङ । नेपाल विद्यार्थी संघ वालिङ नगरको दोस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले नेविसंघ वालिङ नगर सभापतिमा बादल लामिछानेसहित ५१ सदस्यीय समिति गठन गरिएको छ । नेविसंघ वालिङ नगर उपसभापतिमा यादव पौडेल, खगेन्द्र रेग्मी(सुरज), सचिवमा सगुन बुढाथोकी, साजन भुषाल, सह-सचिवमा जीवन पाठक, कोषाध्यक्षमा समुन्द्र काफ्ले र सह–कोषाध्यक्षमा सुमन अर्याल चयन भएका छन् ।

अधिवेशनमा नेपाली कांग्रेस वालिङ नगर समितिका सभापति नेत्रप्रसाद पाण्डेले नेविसंघ कांग्रेस पार्टीको मेरुदण्ड भएको बताए ।

कांग्रेसलाई बलियो बनाउन नेविसंघको महत्वपूर्ण भूमिका रहने भएकाले संगठन बिस्तारमा लाग्न सभापति पाण्डेले सुझाव दिए । पार्टीलाई क्रियाशिलता बनाउन नेविसंघले पनि आफ्नो क्रियाशिलता बढाउन आवश्यक रहेको सभापति पाण्डेले बताए ।

नगर अधिवेशनमा नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य हेमप्रकाश गुरुङले नेविसंघलाई सवल र अनुशासित बनाउन आवश्यक रहेको औंल्याए । नेविसंघ बलियो नभएसम्म पार्टी बलियो नहुने भन्दै केन्द्रीय सदस्य गुरुङले हरेक विद्यालय, क्याम्पसहरुमा पुगेर राजनीतिक प्रशिक्षणमा लाग्न अनुरोध गरे ।

कार्यक्रममा नवनिर्वाचित नेविसंघ वालिङ नगर समितिका सभापति बादल लामिछानेले नेविसंघ वालिङ बहुमुखी क्याम्पस इकाई समितिसँग मिलेर नगर समितिले विद्यार्थीहरुलाई नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

नगरभित्रका सबै मावि र उच्च मावितहका विद्यालयमा पुगेर विद्यार्थीहरुका हकहितका कामसँगै गुणस्तरीय शिक्षाका विषयमा काम गर्ने सभापति लामिछानेले बताए ।

नेविसंघ वालिङ बहुमुखी इकाई समितिका सभापति निरज श्रेष्ठले नेविसंघ जहिले पनि नेतृत्व र व्यक्तित्व विकासका लागि खटिँदै आएको बताए । ि

वद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने माग राख्दै सरकारले अब हरेक क्याम्पसमा व्यवसायिक सीपमूलक शिक्षा कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिए । नेविसंघ वालिङ नगर अधिवेशनमा नगरभित्रका युवा विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

## शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने ।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने ।

स्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही





विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com